नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

# कर विवरण तथा कर बुझाउने म्याद थप सम्बन्धी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को संक्रमणबाट उत्पन्न असहज परिस्थितिका कारण करदाताहरुले आवधिक रुपमा बझाउनु पर्ने कर विवरण, आय विवरण तथा ती विवरण अनुसार भुक्तानी गर्नुपर्ने कर दाखिला गर्ने म्याद थप गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।१२।१६ को नीतिगत निर्णय तथा आर्थिक ऐन, २०७६ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०७६।१२।१८ को निर्णयानुसार देहाय बमोजिमको म्याद थप गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम २०७६ साल फागुन महिनाको मासिक कर विवरण, माघ र फागुन महिनाको द्विमासिक र मंसिर-फागुनको चौमासिक कर विवरण तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ वैशाख २५ गतेसम्म ।

(ख) मूल्य अभिवृद्धि कर फिर्ता प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५घ बमोजिम कर फिर्ताको निवेदन दिन पाउने अवधि लकडाउन कै बखत समाप्त भएमा २०७७ साल वैशाखसम्म ।

(ग) अन्तःशुल्क ऐन, २०५८ बमोजिम २०७६ फागुन महिनाको बुझाउनु पर्ने विवरण तथा ती विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद २०७७ वैशाख २५ गतेसम्म।

(घ) आयकर ऐन, २०५८ बमोजिम २०७६ साल फागुन महिनाको बुझाउनु पर्ने अग्रिम कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल वैशाख २५ गतेसम्म ।

(ङ) आयकर ऐन, २०५८ बमोजिम २०७६ चैत्र महिनामा बुझाउनु पर्ने आर्थिक वर्ष २०७६।७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद २०७७ वैशाख मसान्तसम्म ।

(च) आर्थिक ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिमको शिक्षा सेवा शुल्क, दफा १४ को उपदफा (२) बमोजिमको टेलिफोन स्वामित्व शुल्क तथा दफा १५ को उपदफा (३) बमोजिमको दुर सञ्चार सेवा दस्तुर दाखिला गर्ने म्याद २०७७ वैशाख २५ गतेसम्म।